सर्वोच्च अदालत, एक न्यायाधीशको इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

**आदेश**

०८३-wo-००५२

अनौपचारिक क्षेत्र सेवा केन्द्र बागमती प्रदेश कार्यालयको तर्फबाट संस्थाका कर्मचारी वरुण बस्याल समेत ........................................................................ निवेदक

**विरुद्ध**

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत ........... प्रत्यर्थी

**मुद्दाः उत्प्रेषण।**

१. नियमबमोजिम इजलाससमक्ष पेस हुन आएको निवेदनपत्र सहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री राजुप्रसाद चापागाई तथा विद्वान् अधिवक्ताद्वय श्री गौरव बराल र श्री हेमन्तराज पाहारीले गर्नुभएको बहससमेत सुनियो।

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र प्रत्यर्थी नं. १ देखि ८ ले महान्यायाधिवक्ताको कार्यालयमार्फत तथा अन्य प्रत्यर्थीहरुले आफैं वा आफ्नो कानूनबमोजिसको प्रतिनिधिमार्फत लिखित जबाफ पेस गर्नू भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी प्रत्यर्थीहरूलाई म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

३. प्रस्तुत रिट निवेदनमा सुकुम्बासी बस्तीबाट विस्थापित भएका बालबालिकाहरुको शिक्षाको हकमा भर्ना अवधि आगामी श्रावण मसान्तसम्म कायम गराउनु, बैकल्पिक उचित व्यवस्था नभई हटाउने, उठाउने, विस्थापित गर्ने वा जबरजस्ती कारबाही गर्ने कार्य नगर्नु, बस्तीबाट विस्थापित बालबालिकाहरुको शिक्षाको हक सुनिश्चित गराउनू भन्ने समेतको अन्तरिम आदेश जारी गरिपाउँ भन्ने नै मूख्य रिट निवेदनको मागदावी रहेको देखिन्छ।

४. उपत्यका तथा देशैभरिका नदि किनार वा जुनसुकै स्थानका सुकुम्बासी बस्तीका बालबालिकाहरुको पहिचान, प्रमाणीकरण र वैकल्पिक उचित व्यवस्था नगरी हटाउने, उठाउने, विस्थापित गर्ने वा जबरजस्ती कारबाही गर्ने कार्य नगर्न, नगराउन समेत अन्तरिम आदेश मागको सम्बन्धमा ०८२-WO-११९५, ०८२-WO-११९७ र ०८२-WO-१२३७ को रिट निवेदनमा मिति २०८३।०१।२५ मा अन्तरिम आदेश भई सो अनुसार भइरहेको र सोमा बालबालिका पनि समावेश रहेको नै हुँदा सो सन्दर्भमा थप केही बोल्नु परेन।

५. अब रिट निवेदको माग बमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने वा नपर्ने सम्बन्धमा विचार गर्दा, सुकुम्बासी क्षेत्रको विद्यालयसमेत भत्काइएकोले पढ्न नपाएका वा विस्थापित बालबालिकाको विद्यालय टाढा भई वा पठनपाठनमा आउन जाने व्यवस्था नभई वा विस्थापित क्षेत्रमा भर्ना नभई शिक्षाको हकबाट बञ्चित हुनुपर्ने अवस्था रहेको छ। त्यस्तै सुत्केरी, गर्भवती, अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा, बालबालिका, बिरामी जस्ता व्यक्तिको पर्याप्त गुणस्तरीय स्याहार सुसार हुन नसकेको भन्ने राष्ट्रिय मानव अधिकार आयोग समेतको प्रतिवेदनहरु सार्वजनिक भएको देखियो। अर्थ मन्त्रालय, बजेट महाशाखाको मिति २०८३।१।२९ को पत्रबाट विस्थापित परिवारको तत्काल व्यवस्थापनको विषयमा सम्वोधन गर्ने भनिए तापनि अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समितिबाट घरभाडा रकम वितरण तथा होल्डिङ्ग सेन्टर खाली गर्ने सम्बन्धी मिति २०८३।३।१२ को सूचनाबाट समेत त्यहाँ रहेका बालबालिकाको पठन पाठनमा परेको र थप पर्न सक्ने असरहरुलाई मध्यनजर राखेर साबिकको बस्तीबाट विस्थापित भएका बालबालिकाहरुको नेपालको संविधानको धारा ३१ ले प्रदान गरेको शिक्षा सम्बन्धी हक र धारा ३९ ले प्रदान गरेको बालबालिकाको हकको सुनिश्चितता गर्न, धारा १६ को सम्मानपूर्वक बाँच्न पाउने हकको सुनिश्चितता गर्न, धारा ३७ को आवासको हक, आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा ५ का अधिकारको तत्काल संरक्षण गर्न आवश्यक देखियो।

६. तसर्थ विस्थापित बालबालिकाहरुको हकमा सर्वेक्षण, पहिचान र प्रमाणिकरण गरिएको तथ्याङ्कको आधारमा बालबालिकाको शिक्षाको हकको सुनिश्चितता गर्न भर्ना भएका विद्यार्थीको हकमा शिक्षाको निरन्तरता र भर्ना नभएका विद्यार्थीको

हकमा श्रावण मसान्त भित्र शैक्षिक सत्रको सुरुवातमा नै विद्यालयमा भर्ना हुने वातावरण मिलाउनु। यस्तो विद्यार्थीहरुको हकमा सकेसम्म नजिकको विद्यालयमा अनिवार्य र निःशुल्क भर्ना गराई निःशुल्क पाठ्यपुस्तक, यातायात, पोशाक र शैक्षिक सामाग्री, मनोसामाजिक परामर्श र अपाङ्ग बालबालिकाको हकमा आवश्यक सहायक सुविधासमेत तत्काल उपलब्ध गराउनुपर्ने हुँदा सोको उपलब्ध गर्न आवश्यक पहल गर्नू, गराउनू। विस्थापित हुँदा थप असर पर्ने अवस्थामा आवश्यकता अनुसार आवासिय शिक्षाको व्यवस्था गर्नु। यी बालबालिकाको आवश्यक्ताको निमित्त सहज वातावरण मिलाउन सम्बन्धित स्थानीय निकायसँग समेत समन्वय गर्नु, गराउनु।साथै सुत्केरी, गर्भवती, अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा, बालबालिका, बिरामी जस्ता व्यक्तिको निमित्त गरिएको अस्थायी व्यवस्था पनि निजहरुको फरक आवश्यकतालाई सम्बोधन हुने गरी गुणस्तरीय बसोबास तथा आवश्यक स्वास्थ्य सेवा समेत उपलब्ध गर्नू, गराउनू भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२) को (क) बमोजिम प्रत्यर्थीहरुका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ।

प्रस्तुत आदेशको जानकारी प्रत्यर्थीहरुलाई दिई नियमानुसार पेस गर्नू।

न्यायाधीश

इति संवत् २०८३ साउन १८ गते रोज २ शुभम् ...........................................।